Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ९२ | वि.सं. २०८३ असार ३१ बुधवार | नेपाल संवत: ११४५, आषाढ शुक्ल प्रतिपदा | Wednesday 15 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# अझै रोकिएको छैन कोल्ड स्टोरका नाममा सरकारी अनुदानको दुरुपयोग

**प्रदेश स्थापना भएयता कर्णालीमा सबैभन्दा सरकारी अनुदानको दुरूपयोग भएका योजना नै कोल्ड स्टोरका हुन् । बिना अध्ययन पहुँचको भरमा निर्माण गरिएका अधिकांश कोल्ड स्टोर अलपत्र अवस्थामा छन् । असफल कोल्ड स्टोर निर्माणको योजनामा भएको अनुदान दुरूपयोगका विषयमा सरकारी तबरबाट हालसम्म कुनै पनि अध्ययन वा अनुसन्धान भएको छैन ।**

**ओम शाही**
**सुर्खेत, ३० असार ।**

आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८०/०८१ सम्म सम्पन्न भएका तीन वटा कोल्ड स्टोर (चिस्यान केन्द्र) र आलु प्रशोद्धन उद्योगलाई कृषि विकास कार्यालय रुकुम पश्चिमले तीन करोड ७३ लाख १० हजार रुपैयाँ वापतको अनुदान रकम दियो ।

स्थानीय कृषि उत्पादनलाई प्रविधिको प्रयोग गरी भण्डारण गर्ने र उचित मूल्यसहित बजारमा पठाउने यी आयोजनाले उद्देश्य राखेका छन् । साथै, विभिन्न प्रजातिका तरकारी तथा फलफूलका मूल बिउ भण्डारण गरी किसानको लागत घटाउने लक्ष्य पनि यी कोल्ड स्टोर र उद्योगले राखेका छन् ।

यही पवित्र उद्देश्यका साथ आर्थिक वर्ष २०७५/०७६ मा रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-१ मा आलु चिप्स उद्योग स्थापना थालियो । कृषि विकास कार्यालय रुकुम पश्चिमले आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा सिस्ने हिमाल आर्गानिक आलु चिप्स उद्योगलाई ४९ लाख ४५ हजार अनुदान रकम भुक्तानी दियो ।

आठविसकोट नगरपालिकाले पनि आर्थिक वर्ष २०८०/०८१ मा उद्योगको घेराबार गर्ने भन्दै मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत १४ लाख थप बजेट दियो । कृषि विकास कार्यालय र नगरपालिकाको गरी यस उद्योगमा राज्यको कुल ६३ लाख ४६ हजार बराबरको अनुदान लगानी छ ।

सेवा क्षेत्रमा उत्पादन हुने आलुलाई संकलन गरी भण्डारण गर्ने तथा यसबाट चिप्स उत्पादन गरी कृषकको आयस्तर माथि उठाउने प्रस्तावमा सरकारले लगानी गरेको थियो । उद्देश्य अनुरुप उद्योगका भौतिक संरचना र यसमा आवश्यक पर्ने उपकरण पनि खरिद गरिए ।

केही समय उद्योग चलाईयो पनि । तर, उद्योग स्थापना भएको भण्डै सात वर्ष बित्दा उद्योग सञ्चालनको योजना भने अलपत्र छ । उद्देश्य अनुरुप उद्योग सञ्चालन नगरिदा सरकारको ठुलो लगानीको अनुदान दुरुपयोग भइरहेको छ । अहिले उद्योगका भौतिक संरचना र उपकरणहरु जिर्ण बन्दै गएका छन् ।

आठबिसकोट नगरपालिका-१ का वडा अध्यक्ष देवबहादुर घर्तीले उद्योग निर्माण भएपनि विद्युतका कारण सञ्चालन हुन नसकेको बताउँछन् । उनले उद्योगसम्म विद्युतको लाइन तान्ने काम भइरहेकाले लाइन विस्तारपछि उद्योग सुरु हुने दावी गरे । कर्णाली प्रदेश सरकारको ठुलो अनुदान लगानी जोखिम यो उद्योगमा मात्र परेको छैन ।



> उद्देश्य अनुरुप उद्योग सञ्चालन नगरिदा सरकारको ठुलो लगानीको अनुदान दुरुपयोग भइरहेको छ । अहिले उद्योगका भौतिक संरचना र उपकरणहरु जिर्ण बन्दै गएका छन् ।

कृषि विकास कार्यालयले रुकुम पश्चिमकै त्रिवेणी गाउँपालिका-३ मा कोल्ड स्टोर निर्माणका लागि आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७९/०८० सम्म एक करोड ७६ लाख ६५ हजार चार सय तीन रुपैयाँ अनुदानवापतको रकम भुक्तानी गरेको छ । कोल्ड स्टोरका भौतिक पूर्वाधारसँगै आवश्यक उपकरण पनि खरिद गरिएको छ । तर, सञ्चालनको भने टुङ्गो छैन ।

अहिले सुकिदह श्रम सहकारी संस्था लिमिटेडले सञ्चालनमा ल्याउन चासो नदिदा कोल्ड स्टोर अलपत्र अवस्थामा रहेको वडाध्यक्ष दिपेन्द्रकुमार ओलीले बताए । कोल्ड स्टोर सञ्चालनका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा वडाले पाँच लाख रुपैयाँ छुट्याएको भएपनि सहकारीको नेतृत्वले चासो नदिदा सञ्चालन गर्न नसकिएको उनले बताए ।

उनका अनुसार व्यक्तिको जग्गामा कोल्ड स्टोरका संरचना निर्माण भएको र अहिले सरकार वा सहकारीको स्वामित्वमा ल्याउन खोज्दा सहकारीले ल्याउन मानिरहेको छैन । गत वर्ष व्यक्तिको जग्गामा बनाइएको संरचनाको स्वामित्व लिन १५ लाख रुपैयाँ छुट्याइएको भएपनि सहरकारीले नमान्दा रकम फ्रिर्ता गएको छ ।

'वडाले कोल्ड स्टोर सञ्चालन गर्ने भन्दै वर्षेनी बजेटसमेत व्यवस्थापन गरेको हुन्छ,' उनले भने, 'तर, व्यक्तिको जग्गामा भएको र स्वामित्व लिने विषयमा सहकारीले विजुलीको बिल भुक्तानी नभएसम्म नचलाउने भनेपछि आयोजना अलपत्र परेको अवस्था छ ।' उनका अनुसार कोल्ड स्टोर सञ्चालन नभएपनि विद्युतको बक्यौता रकम बढ्दै गएको छ भने मेसिन तथा उपकरणहरु जिर्ण बनेका छन् ।

सहकारीका अध्यक्ष नन्दराम खड्काले सहकारीले लिजमा लिएको जग्गामा निर्माण भएको कोल्ड स्टोर आर्थिक अभावले सञ्चालनमा ल्याउन नसकिएको दावी गर्छन । उनका अनुसार कोल्ड स्टोरका केही उपकरणसम्म विद्युत लाइन विस्तार गर्नुपर्ने छ । तर, विद्युतले पहिलेको बक्यौता रकम नदिएसम्म लाइन नजोड्ने भनेपछि समस्या भएको दावी गरे । स्थानीय सरकारसँगको सहकार्यमा विद्युतको समस्या समाधान गरेर लाइन जोडेपछि कोल्ड स्टोर सञ्चालनमा आउने दावी अध्यक्ष खड्काको छ । त्यस्तै, रुकुमकै चौरजहारी नगरपालिका-३ मा पनि कोल्ड स्टोरको योजना अलपत्र अवस्थामा छ । दुई आर्थिक वर्षमा कृषि कार्यालयले यस आयोजनाका लागि झण्डै एक करोड ५० लाख भुक्तानी दिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ र आर्थिक वर्ष २०८०/०८१ मा कोल्ड स्टोरका लागि सरकारको एक करोड ४७ लाख अनुदानवापतको रकम गएको छ । तर, निर्माण कार्य अझै सम्पन्न भइसकेको छ । वडाध्यक्ष लालबहादुर बुढाले कोल्ड स्टोरको भौतिक संरचना निर्माण अन्तिम चरणमा पुगेको बताए । 'संरचना बनेर फिनिसिङ र रंगरोगनको काम जारी छ,' उनले भने, 'निर्माण सम्पन्न भएपछि नगरपालिकालाई हस्तान्तरण हुन्छ । त्यसपछि कुन मोडलमा सञ्चालन गर्ने भन्ने विषयमा नगरपालिकाले आवश्यक निर्णय लेला ।'

सरकारले अनुदान लगानी गरेका यी तीन आयोजनामा महालेखापरीक्षकको कार्यालयलेसमेत प्रश्न उठाएको छ । 'कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ५५ बमोजिम अनुदानको अनुगमन र मूल्याङ्कन भएको देखिदैन,' महालेखाले भनेको छ, 'निश्चित उद्देश्यका लागि अनुदानबाट निर्माण भएका संरचनाको उपयोग नहुँदा अनुदान रकमको सदुपयोग भएको पाइएन । निर्मित संरचनाको उपयोग गर्नुपर्दछ ।'

कृषि विकास कार्यालय रुकुम पश्चिमले यी आयोजना सञ्चालनमा चासो देखाएको छैन । कार्यालय प्रमुख वागवानी विकास अधिकृत लालबहादुर भण्डारीले विद्युत नहुदा आलु चिप्स उद्योग सञ्चालन हुन नसकेको बताए ।

'म आउँदा उद्योग र कोल्ड स्टोरका संरचना निर्माण भइसकेका थिए,' उनी भन्छन्, 'सुरुमा विजुली नै नभएको वा अन्य ठाउँमा कसरी सञ्चालन र व्यवस्थापन गर्ने गरी योजना बनेको थियो त्यस बारे मलाई जानकारी छैन ।' प्रदेश स्थापना भएयता कर्णालीमा सबैभन्दा सरकारी अनुदानको दुरुपयोग भएका योजना नै कोल्ड स्टोरका हुन् ।

बिना अध्ययन पहुँचको भरमा निर्माण गरिएका अधिकांश कोल्ड स्टोर अलपत्र अवस्थामा छन् । असफल कोल्ड स्टोर निर्माणको योजनामा भएको अनुदान दुरुपयोगका विषयमा सरकारी तबरबाट हालसम्म कुनै पनि अध्ययन वा अनुसन्धान भएको छैन ।

## जमुनाह नाकाबाट स्रोत नखुलेको पाँच लाख बरामद



**युग संवाददाता**
**नेपालगञ्ज, ३० असार ।**

बाँकेको जमुनाहनाकामा सशस्त्र प्रहरीले स्रोत नखुलेको भारतीय रुपैयाँ पाँच लाख बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म जमुनाहबाट खटिएको टोलीले नेपालगन्ज उपमहानगरपालिका-१५ जमुनाह क्षेत्रमा नियमित जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो ।

बरामद गरिएको भारतीय मुद्रा रु पाँच लाख आज भन्सार कार्यालय बाँकेमा बुझाउन लागिएको सशस्त्र प्रहरी सीमा सुरक्षा बल गुल्म जमुनाहले जनाएको छ ।

उनका अनुसार रिक्सामा सामान राखेर भारतबाट नेपाल ल्याउने क्रममा सामानभित्र सो रकम फेलापरेको तर कसको भनेर खुल्न नसकेको प्रहरी नायब उपरीक्षक तीर्थ न्यौपानेले जानकारी दिए । सशस्त्र प्रहरी बल नं. ५ विन्ध्यावासिनी बाहिनीमा डिआइजी दीपक अधिकारीले कमाण्ड सम्हालेयता सीमा क्षेत्रमा हुने अवैध गतिविधिविरुद्ध सुरक्षा निगरानी थप कडा बनाइएको छ ।

सीमा अपराध नियन्त्रण, अवैध तस्करी तथा गैरकानुनी कारोबार रोकथामका लागि सशस्त्र प्रहरी अझ आक्रामक रूपमा परिचालन भइरहेको सशस्त्र प्रहरीले जनाएको छ । हाल जमुनाहनाकालगायत बाँकेका विभिन्न सीमावर्ती क्षेत्रमा चेकजाँचलाई तीव्रता दिइएको छ भने अवैध कारोबारमा संलग्न व्यक्तिमाथि निगरानी बढाइएको छ ।

## कुमारी बैंकद्वारा पञ्चकोशी माध्यमिक विद्यालय सहयोग

**युग संवाददाता**
**सुर्खेत, ३० असार ।**

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय सुर्खेतले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यालयलाई सहयोग गरेको छ । दैलेख जिल्लाको नाभिस्थानस्थित पञ्चकोशी माध्यमिक विद्यालयलाई ५० (पचास) वटा स्टडी टेबल सहयोग प्रदान गरेको हो ।

उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिक पठनपाठन कार्यलाई सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक शैक्षिक फर्निचरको अभाव रहेको जानकारी प्राप्त भएपछि बैंकले उक्त सहयोग उपलब्ध गराएको थियो । यस सहयोगबाट विद्यार्थीहरूलाई आफ्नो शैक्षिक सामग्री व्यवस्थित रूपमा राख्न तथा अध्ययनमा केन्द्रित हुन थप सहयोग पुग्ने विश्वास बैंकले व्यक्त गरेको छ ।

पञ्चकोशी माध्यमिक वेद विद्याश्रम केवल एक शैक्षिक संस्था मात्र नभई हाम्रो सभ्यता, संस्कृति, परम्परा र मौलिक पहिचानको जीवित धरोहरका रूपमा परिचित छ । दैलेख जिल्लाको पवित्र नाभिस्थान क्षेत्रमा अवस्थित यस विद्याश्रमले बटुक ऋषिकुमारहरूलाई वेद शिक्षा प्रदान गर्दै सनातन ज्ञान परम्पराको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नाभिस्थान क्षेत्र आस्था र विज्ञानको अद्भुत संगमका रूपमा समेत परिचित छ । यहाँ अध्ययनरत विद्यार्थीहरू केवल विद्यार्थी मात्र नभई भविष्यका समाजका मार्गदर्शक, संस्कृतिका संवाहक तथा राष्ट्र निर्माणका आधारस्तम्भका रूपमा हेरिन्छन् । यसै सन्दर्भमा, विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री व्यवस्थित राख्न फर्निचरको आवश्यकता महसुस गर्दै कुमारी बैंक लिमिटेड, सुर्खेत शाखाले ५० वटा

▶▶ बाँकी ३ पेजमा



## सम्पादकीय....

# जनकल्याणबाट सिक्नुपर्ने पाठ

विद्यालयको सफलताको मापन भवन, नतिजा वा भर्ना भएका विद्यार्थीको संख्याले मात्र हुँदैन । वास्तविक सफलता त्यतिबेला देखिन्छ, जब विद्यालयले निराशा, गरिबी र अभिभावकविहीन अवस्थासँग जुधिरहेका बालबालिकालाई पनि भविष्यप्रति आशावादी बन्ने आधार दिन्छ । सल्यानको सारदा नगरपालिका-५ स्थित जनकल्याण प्राथमिक विद्यालयले पछिल्ला केही वर्षमा गरेको रूपान्तरण यस्तै सन्देश बोकेको उदाहरण हो । बन्द हुने संघारमा पुगेको एउटा सामुदायिक विद्यालय आज एक सय ४० विद्यार्थी अध्ययन गर्ने शैक्षिक केन्द्र मात्र बनेको छैन, ४७ जना आश्रयविहीन तथा जोखिममा परेका बालबालिकाको सुरक्षित घर पनि बनेको छ। यसले देखाएको बाटो अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्न सक्छ। केही वर्षअघि यो विद्यालयमा जम्मा ६ जना विद्यार्थी र दुई जना शिक्षक मात्र थिए। जीर्ण भवन, कमजोर शैक्षिक वातावरण र अभिभावकको घट्दो विश्वासका कारण विद्यालय अस्तित्व जोगाउनै संघर्षरत थियो । तर, शिक्षक कृष्णबहादुर वलीको नेतृत्वमा सुरु भएको पुनर्जीवन अभियानले यो अवस्था उल्टाइदियो। भौतिक पूर्वाधार सुधार, शिक्षक व्यवस्थापन, घरदैलो अभियान र अभिभावकसँग विश्वास पुनःस्थापित गर्ने प्रयासले विद्यालयप्रतिको आकर्षण बढायो ।

परिणामस्वरूप विद्यार्थी संख्या निरन्तर बढ्दै गयो र विद्यालयले नयाँ जीवन पायो । यसले एउटा महत्वपूर्ण सन्देश दिन्छ–सामुदायिक विद्यालयको संकटको समाधान केवल नयाँ भवन निर्माण वा बजेट थप्नु मात्र होइन, समुदायको विश्वास जित्नु पनि हो । धेरै ठाउँमा सरकारी विद्यालयप्रति अभिभावकको भरोसा कमजोर बन्दै गएको छ । यसको कारण शिक्षणको गुणस्तर, शिक्षकको उत्तरदायित्व, पूर्वाधारको अभाव वा स्थानीय विवाद जे भए पनि अन्ततः त्यसको प्रत्यक्ष असर बालबालिकामाथि पर्छ। जनकल्याण प्राथमिक विद्यालयले भने नेतृत्व, प्रतिबद्धता र समुदायसँगको सहकार्य भए परिवर्तन सम्भव छ भन्ने प्रमाणित गरेको छ । यो विद्यालयको अर्को प्रेरणादायी पक्ष यसको आवासीय कार्यक्रम हो । बाबुआमा गुमाएका, पारिवारिक विघटनका कारण जोखिममा परेका वा चरम आर्थिक अभाव झेलिरहेका बालबालिकालाई निःशुल्क आवास, शिक्षा र संरक्षण उपलब्ध गराउनु सामान्य काम होइन ।

विद्यालयले शिक्षा मात्र दिएको छैन, उनीहरूलाई आत्मविश्वास, सुरक्षा र भविष्यप्रतिको भरोसा पनि दिएको छ । शिक्षा वास्तवमा सामाजिक न्यायको सबैभन्दा प्रभावकारी माध्यम हो भन्ने तथ्य यसले पुनः पुष्टि गरेको छ। यद्यपि, यस्तो अभियान दीगो बनाउन चुनौती कम छैन। स्थानीय तहको सीमित स्रोत, आवासीय व्यवस्थापनको बढ्दो खर्च र दातृ सहयोगमा निर्भरता दीर्घकालीन समाधान हुन सक्दैन । विद्यालयले तरकारी खेतीमार्फत आत्मनिर्भर बन्ने प्रयास थालेको छ, जुन सकारात्मक सुरुआत हो। तर, यस्ता विद्यालयलाई प्रदेश र संघीय सरकारले पनि विशेष नीति, बजेट र प्राविधिक सहयोगमार्फत सघाउन आवश्यक छ । बालअधिकार, शिक्षा र सामाजिक सुरक्षालाई जोड्ने यस्ता मोडेललाई विस्तार गर्न सकिए धेरै आश्रयविहीन र विपन्न बालबालिकाको जीवन बदलिन सक्छ। जनकल्याण प्राथमिक विद्यालयको कथा एउटा विद्यालयको मात्र सफलता होइन, सार्वजनिक शिक्षामा विश्वास पुनर्जीवित गर्न सकिने सम्भावनाको कथा पनि हो। विद्यालय जोगाउनु भनेको केवल एउटा संस्था बचाउनु होइन, समाजको भविष्य सुरक्षित गर्नु हो । यस्तो उदाहरणलाई अपवाद बनाएर होइन, नीति र अभ्यासको हिस्सा बनाएर देशभर फैलाउनु आजको आवश्यकता हो ।

# सडक पूर्वाधारमा सुधार अपरिहार्य



✍ डा. पुष्पराज पन्त



नेपालका सडकहरू यातायातका माध्यम मात्र रहेनन्, यी जीवन र मृत्युको अनपेक्षित बाजीको थलोजस्ता भएका छन्। दैनिकजसो समाचारमा आउने सडक दुर्घटनाका तथ्यांक र तिनका कारणहरूले हाम्रो सडक सुरक्षा प्रणालीको चरम असफलतालाई छर्लंग पार्छन् । हामी अक्सर दुर्घटनाको दोष चालकको लापरबाही, तीव्र गति वा यान्त्रिक गडबडीलाई दिएर अनि सबैतिर समान किसिमको र उच्च जरिवाना तोकेर उम्किन खोज्छौं तर के हाम्रा सडक आफैंमा सुरक्षित छन् ? सडकमा गुड्ने सवारीसाधन र पैदलयात्रीलाई सही मार्गनिर्देशन गर्ने न्यूनतम पूर्वाधारको अवस्था कस्तो छ त?

'सडकमा सावधानी' केवल चालक मात्र होइन, सडक बनाउने र यातायात सञ्चालनको अनुमति दिने निकायहरू झन् बढी सावधान र जिम्मेवार हुनुपर्ने बेला आइसकेको छ । यसै सन्दर्भमा हाम्रा सडकका मूलभूत समस्या र तिनका सुधारका पाटाहरूलाई यहाँ केलाउने प्रयास गरिएको छ।

### सहरी सडकमा ट्राफिक संकेतको दुर्गति

हाम्रा सहरी सडकहरू, विशेष गरी काठमाडौं उपत्यका र प्रमुख सहरहरूका सडकमा गुड्दा ट्राफिक संकेतहरूको अवस्था टिठलाग्दो देखिन्छ। कतिपय मुख्य चोकहरूमा राखिएका ट्राफिक बत्तीहरू सबै चालकले सजिलै देख्ने गरी राखिएका छैनन्, तीमध्ये धेरै कि त बल्दैनन् वा अनियमित किसिमले बल्छन् । संकेत पाउनका लागि राखिएका डिजिटल बोर्डहरू उपलब्ध छैनन् । कतिपय ठाउँमा त सडक संकेतका बोर्डहरूलाई व्यापारिक विज्ञापन वा धुलोको पत्रले छोपेको हुन्छ । दिशा देखाउने बोर्डहरू पनि मापदण्ड पुर्‍याएर बनाइएका छैनन् । स्थापित ट्राफिक संकेतहरू कमसल वा अस्थायी खालका भएकाले भाँचिएका वा उप्किएका छन् ।

चोकहरूमा गोलघुम्तीको ठुलो महत्त्व हुन्छ तर उपलब्ध छैनन्। गुडिरहेको चालकले कुन लेनबाट कता जाने भन्ने कुरा टाढैबाट स्पष्ट देखिने गरी संकेत पाउनु उसको अधिकार हो तर तिनको अभावमा चालकहरू अलमलमा रहन्छन् भने परिस्थितअनुकूल लेन बदल्न खोज्दा दुर्घटनाको जोखिम बढेको छ। प्रविधिको युगमा पनि चालकले आफ्नो वाहनलाई रोक्न वा सही लेनमा चलाउन ट्राफिक प्रहरीको हातको इसारा पर्खनुपर्ने बाध्यता रहनु हाम्रा सहरी सडकका ट्राफिक संकेतहरूको दुर्गतिको जीवन्त प्रमाण हो।

अर्कातर्फ सार्वजनिक यातायात प्रयोग गर्ने यात्रुहरूका लागि बस वा मिनिबसले रोक्ने, चढाउने र ओराल्ने निश्चित बस वा मिनिबस बिसौनीको व्यापक अभाव छ। यसले सहरी सडक यातायातमा सबैलाई अस्तव्यस्त बनाएको छ।

### आगन्तुक वा पर्यटक चालकहरूका समस्या

स्थानीय चालकहरूलाई कुन सडक कहाँ जान्छ वा कहाँ खाल्डो छ भन्ने कुरा दैनिक आवतजावतका कारण कण्ठस्थ हुन सक्छ तर देशको राजधानी भएकाले यहाँ देशका सबै जिल्लालगायत छिमेकी देशबाट पनि सवारीसाधन आउँछन् । बाहिरी जिल्ला वा नयाँ ठाउँबाट आएका 'आगन्तुक चालक'हरूका लागि सडक पूर्ण रूपमा अपरिचित हुन्छ । यस्ता चालकका लागि सडकमा कोरिएका जेब्रा क्रसिङ, लेन मार्किङलगायत 'अधिकतम गति सीमा सुरु र अन्त', 'दायाँ मोड', 'बायाँ मोड' वा यात्रु चढाउने वा ओराल्ने बिसौनीजस्ता संकेतहरू नै आँखाहरू हुन्। रात्रिकालीन समयमा वा कुहिरो लागेको बेला सडक मार्किङ र चमक दिने संकेतको महत्त्व झन् बढी हुन्छ। कतिपय सडकको बाहिरी किनारामा राखिएका डिलिनएटर पोस्टहरूमा चम्किने रिफ्लेक्टर नभएमा र सडकमा स्पष्ट मार्किङ वा संकेत छैनन् भने आगन्तुक चालकले भेउ पाउँदैनन्, जसले गर्दा अगाडि वा पछाडिबाट आउने सवारीसाधन ठोक्किने सम्भावना उच्च रहन्छ। सडक सुरक्षित हुनुको अर्थ अपरिचित चालकले पनि बिनाअलमल र बिनाडर सहजै यात्रा गर्न सक्ने व्यवस्था पनि हो।

### उपत्यकाबाहिरको अनुमान

काठमाडौं उपत्यका देशको राजधानी मात्र होइन, स्रोत, साधन र प्रविधिको केन्द्र पनि हो। जब देशको मुटु मानिने उपत्यकाभित्रकै मुख्य सडकमा लेन मार्किङ मेटिएका छन्, ट्राफिक बत्ती अलपत्र छन्, जेब्रा क्रसिङ गायब छन् र बस बिसौनी सुनिश्चित छैनन् भने उपत्यकाबाहिरका सडकको अवस्था कस्तो होला भनेर सहजै अनुमान लगाउन सकिन्छ ? राजधानीकै सडकहरू नियमित मर्मत हुँदैन भने बझाङ, रोल्पा वा दुर्गम पहाडी तथा राजमार्गहरूमा सडक सतहको अवस्था कस्तो होला ? त्यहाँ राखिएका सडक सुरक्षाका संकेतहरूको हालत के होला ? उपत्यकाको यस्तो चित्रले समग्र देशकै सडक पूर्वाधारको उपेक्षित अवस्थालाई प्रतिविम्बित गर्छ।

### सडक विभाग र सडकसम्बन्धी निकायको कर्तव्यहीनता

सडक दुर्घटना हुनासाथ चालकलाई कठघरामा उभ्याइन्छ तर सडक सुरक्षा व्यवस्थापनको दुरावस्थाका कारण भएका दुर्घटना र मृत्युको जिम्मेवारी कसले लिने ? सडक विभाग, नगरपालिका र सडक पूर्वाधार हेर्ने अन्य निकायहरू ऐतिहासिक रूपले आफ्नो न्यूनतम कर्तव्यबाट विमुख देखिन्छन्। एक पटक सडकको निर्माण सम्पन्न भएपछि त्यसको नियमित मर्मतसम्भार गर्नु, मेटिएका मार्किङ फेरि कोर्नु र भत्केका संकेत फेर्नु यी निकायको नियमित दायित्व हो। तर, बजेटको अभावलगायत विभिन्न बहाना देखाउँदै वा एकले अर्को निकायलाई दोषारोपण गर्दै पन्छिने प्रवृत्ति व्यापक छ।

सडक खन्ने, ढल वा पानीको पाइप हाल्ने, बिजुलीको तार भूमिगत गर्ने नाममा सडक भत्काइन्छ तर त्यसपछि सडकलाई पुरानै अवस्थामा फर्काउन र आवश्यक सुरक्षा संकेत राख्न कसैले चासो दिँदैन। सडक फराकिलो बनाइएको ठाउँमा रूख वा विद्युत् खम्बाहरू सारिएको हुँदैन। यो सरकारी निकायहरूको चरम उदासीनता, कर्तव्यहीनता र समन्वय अभावको पराकाष्ठा हो।

### सडकमा अधिकतम गति सीमा निर्धारणका त्रुटिहरू

हाम्रा सडकहरूमा गति सीमा निर्धारण गर्ने प्रक्रिया वैज्ञानिक र व्यावहारिक देखिँदैन। कतिपय फराकिला र आधुनिक सडकमा पनि अव्यावहारिक रूपमा गति सीमा तोकिएको हुन्छ, जसले गर्दा सवारीको सहज प्रवाह अवरुद्ध हुन्छ। अर्कातर्फ साँघुरा, घुम्ती र बजार क्षेत्र भएका जोखिमपूर्ण सडकहरूमा स्पष्ट गति सीमा तोकिएको वा सचेत गराउने बोर्डहरू राखिएको पाइँदैन। गति सीमा निर्धारण गर्दा सडकको चौडाइ, भौगोलिक बनावट, सडकछेउको बस्ती, पैदलयात्रीको घनत्व र सवारीको चापलाई ध्यानमा राखेर वैज्ञानिक अध्ययन गरिनुपर्छ। बिनाअध्ययन हचुवाका भरमा राखिएका गतिका संकेतहरूले चालकमा अन्योल मात्र पैदा गर्दैनन्, बरु दुर्घटना बढाउन मद्दत पुर्‍याउँछन्।

### मुख्य सडकमा प्रवेश

हाम्रो सडक संस्कृति र इन्जिनियरिङको अर्को ठुलो कमजोरी भनेको सहायक सडकबाट मुख्य सडकमा प्रवेश गर्ने सवारीसाधनहरूको व्यवस्थापन हो। कुनै गल्ली वा शाखा सडकबाट निस्केका सवारीसाधन मुख्य सडकको ट्राफिक प्रवाहलाई पूरै अवरुद्ध गर्दै सिधै अर्कातर्फको लेन पार गर्न दिने संरचना बनाइएको छ। मुख्य सडकमा तीव्र गतिमा गुडिरहेका सवारीसाधनलाई यसरी अचानक बिच सडकमै रोकिन बाध्य पार्दा गम्भीर दुर्घटना हुने गरेका छन् भने ट्राफिक जामलाई बढावा दिइएको छ। सहायक सडकबाट मुख्य सडकमा आउँदा निश्चित दुरीसम्म आफ्नै लेनमा गुड्न दिने वा उपयुक्त चोकमार्फत मात्र मोड्न पाउने व्यवस्था हुनुपर्छ। पूरै सडक अवरुद्ध गरेर जथाभावी लेन काट्न दिने हालको प्रवृत्ति तत्काल रोकिनु आवश्यक छ।

### एकतर्फी बाटो प्रवर्धन

सहरी क्षेत्रको ट्राफिक जाम र दुर्घटना कम गर्ने एउटा उत्कृष्ट र कम खर्चिलो उपाय भनेको एकतर्फी बाटोको उचित प्रवर्धन र व्यवस्थापन हो। साँघुरा र धेरै चोक भएका भित्री सडकलाई एकतर्फी बनाउँदा यसप्रकार सकारात्मक प्रभाव देखिन्छन्ः

-विपरीत दिशाबाट आउने सवारीसाधन नहुँदा सवारी प्रवाह सहज ढंगले हुने र जाम कम हुन्छ साथै सबै गाडी निरन्तर एकै दिशामा गुड्न पाउँछन्।

-चोकहरूमा सवारीसाधन एकापसमा ठोक्किने सम्भावना आधाभन्दा बढीले घट्छ र दुर्घटनामा कमी आउँछ।

-पैदलयात्रीले सडक पार गर्दा केवल एकातर्फ मात्र हेरेर सुरक्षित रूपमा बाटो काट्न सक्छन् र पैदलयात्रीको सुरक्षामा उल्लेख्य सुधार हुन्छ।

-एकतर्फी सडकको एकातर्फ व्यवस्थित रूपमा सवारी पार्किङको ठाउँ निकाल्न सकिन्छ, जसले सडक सञ्चालनमा बाधा पुर्‍याउँदैन । यसबाट पार्किङ व्यवस्थापनमा टेवा पुग्छ।

सडक सुरक्षा केवल एउटा नारा मात्र होइन, यो मानव जीवन रक्षाको गम्भीर विषय हो। चालकलाई मात्र दोष दिएर वा जरिवाना तिराएर सडक सुरक्षित हुन सक्दैन। जबसम्म सडक विभाग र सम्बन्धित निकायहरूले आफ्नो निन्द्राबाट ब्युँझिएर सडकका ट्राफिक संकेत, सडक मार्किङ, वैज्ञानिक गति सीमा र सुरक्षित चोकहरूको निर्माणमा ध्यान दिँदैनन्, तबसम्म हाम्रा सडकहरू मृत्युका धराप बनिरहनेछन्।

सडकमा सावधान रहनका लागि राज्यले पूर्वाधार सुरक्षित बनाइदिनु पहिलो सर्त हो। उपर्युक्त कार्यहरू गर्दा रोजगारी सिर्जना पनि हुने भएकाले वर्तमान भूराजनीतिक अनिश्चितताको समयमा देशको अर्थतन्त्रलाई पनि टेवा पुग्नेछ। आशा गरौं, सरोकारवाला निकायहरूको ध्यान यस गम्भीर मुद्दातर्फ चाँडै जानेछ। *(नागरिक)*

## विश्व

# हर्मुज सुरक्षामा अमेरिकी खर्चको क्षतिपूर्ति माग



**वासिङ्टन, ३१ असार ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलघाँटी हुँदै हुने अन्तर्राष्ट्रिय समुद्री यातायातको सुरक्षा सुनिश्चित गर्न अमेरिकाले निर्वाह गरिरहेको भूमिकाको आर्थिक प्रतिफल खाडी राष्ट्रहरूले तिर्नुपर्ने बताएका छन् । साथै, हालैको अमेरिकी सैन्य कारबाहीपछि इरानको सैन्य क्षमता व्यापक रूपमा कमजोर बनेको दाबी गर्दै उहाँले तेहरानलाई केही महिनाअघिको अवस्थाबाट निकै पछाडि धकेलिएको टिप्पणी गरेका छन् ।

ओभल अफिसमा पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रपति ट्रम्पले विश्वकै सबैभन्दा संवेदनशील र रणनीतिक समुद्री मार्गमध्ये एक मानिने हर्मुज जलघाँटीको सुरक्षाका लागि अमेरिकाले ठूलो जिम्मेवारी वहन गरिरहेको उल्लेख गरे। त्यसका कारण त्यस क्षेत्रबाट प्रत्यक्ष लाभ लिने खाडी राष्ट्रहरूले अमेरिकालाई आर्थिक क्षतिपूर्ति दिनुपर्ने उनको भनाइ थियो।

पछि न्युजम्याक्ससँगको अन्तर्वार्तामा उहाँले हालैको अमेरिकी सैन्य कारबाहीले इरानको सैन्य संरचनामा गम्भीर क्षति पुगेको दाबी गरे। इरानको नौसैनिक शक्ति, हवाई क्षमता, राडार प्रणाली, हवाई प्रतिरक्षा संयन्त्र तथा हतियार उत्पादन गर्ने पूर्वाधारमा ठूलो असर परेको उनको भनाइ थियो ।

राष्ट्रपति ट्रम्पले इरानसँग रहेका १५९ वटा नौसैनिक जहाजमध्ये अधिकांश नष्ट भएको दाबी गर्दै अहिले ती समुद्रको सतहमुनि पुगेको टिप्पणी गरे । त्यस्तै, इरानका करिब २०० वटा विमान नष्ट भएको, राडार तथा एन्टी-एयरक्राफ्ट प्रणाली ध्वस्त पारिएको र हतियार उत्पादन गर्ने क्षमता करिब ८४ प्रतिशतसम्म कमजोर बनाइएको उनले दाबी गरे ।

निरन्तर सैन्य अभियानपछि इरानको आक्रामक क्षमता उल्लेखनीय रूपमा घटेको भन्दै ट्रम्पले अहिलेको इरान चार महिनाअघिको इरानभन्दा पूर्ण रूपमा फरक अवस्थामा पुगेको बताए । उनका अनुसार इरानसँग अझै केही मिसाइल र सीमित सैन्य क्षमता बाँकी रहे पनि त्यसको प्रभाव पहिलेको तुलनामा निकै कम भइसकेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

**मेष:** हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ ।

**वृष:** मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ ।

**मिथुन:** अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हातपार्न सफल भइनेछ । धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ ।

**कर्कट:** आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ ।

**सिंह:** योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ ।

**कन्या:** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ ।

**तुला:** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय

**वृश्चिक:** अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । इच्छाविपरीत अरूको करकापमा काम गर्न बाध्य भइनेछ ।

**धनु:** आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**मकर:** प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ । समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ ।

**कुम्भ:** चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । शारीरिक कमजोरीले चिन्ता बढाउनेछ ।

**मीन:** प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । स्वास्थ्य कमजोर रहनाले जोसजाँगरमा कमी आउनेछ । यात्रा अलि कष्टपूर्ण हुनेछ ।

# ‘विपद् रोक्न सकिँदैन, तर घटाउन सकिन्छ’



**◣युग संवाददाता**
**धनगढी, ३० असार ।**

सुदूरपश्चिम प्रदेशमा ढिलो गरी यही असार १६ गतेदेखि मनसुन सक्रिय भएको छ। यस वर्ष मनसुन ऋतुमा औसतमा कम वर्षा हुने अनुमान छ। सुदूरपश्चिमलगायत केही प्रदेशमा सरदरभन्दा यस वर्ष कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागको आकलन छ। जबकी यस वर्ष प्रि-मनसुनमा भने नेपालमा ४५ वर्षयताकै सबैभन्दा बढी पानी परेको अभिलेख छ।

प्रि-मनसुन सिजनमा नेपालमा औसत २२६ दशमलव तीन मिलिमिटर पानी पर्ने गरेकामा यस वर्ष ३३९ दशमलव सात मिलिमिटर पानी परेको जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाले जनाएको छ। विभागले सन् १९८१ देखि एक सय २६ वटा वर्षामापन केन्द्रको तथ्याङ्कलाई आधार मानी प्रि-मनसुनको विश्लेषण गर्दै आएको छ।

जल तथा मौसम विज्ञान विभागको मौसमी आकलनले यस वर्ष प्रदेशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने सम्भावना देखाए पनि त्यसले जोखिम घटेको अर्थ भने लगाउन नसकिने जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका प्रमुख इन्जिनियर सञ्जयकुमार साहको भनाई छ। छोटो समयमा अत्यधिक वर्षा हुँदा साना खोला, खहरे र नदीहरूमा आकस्मिक बाढी आउने सम्भावना उत्तिकै रहने भएकाले जोखिम भने उच्च रहेको उनले बताए।

“पछिल्ला वर्षहरूमा मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ। लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठूलो क्षति निम्त्याउने क्रम बढिरहेको छ। त्यसैले अब मनसुन व्यवस्थापनको आधार केवल वर्षाको मात्र नभई जोखिमको प्रकृति र पूर्वतयारी हुनुपर्नेछ। त्यहीअनुसार हामीले तयारी अवस्थामा रहनुपर्छ”, साहले भने।

**क्षतिको अवस्था र आकलन**

हरेक वर्ष मनसुन आउँछ। नदीहरू उर्लिन्छन्, पहाड खस्छन्, बस्ती डुब्छन् र उद्धार तथा राहतका टोली परिचालन हुन्छन्। तर एउटा प्रश्न भने वर्षेनी दोहोरिन्छ-के हामी विपद् आउनुअघि पर्याप्त तयारी गर्छौं, कि क्षति भएपछि मात्रै सक्रिय हुन्छौं ?

प्रदेश सरकारकै तथ्याङ्कले पनि यो प्रश्नलाई झन गम्भीर बनाउँछ। पछिल्लो दश वर्षमा सुदूरपश्चिममा पहिरो, बाढी, भारी वर्षा र चट्याङका मात्रै एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भए। ती घटनामा दुई सय ७७ जनाले ज्यान गुमाएका छन् भने ५४ जना बेपत्ता भए। यस्तै, छ सय ७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए। हजारौं घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो।

प्रदेश विपद् व्यवस्थापन परिषद्को सचिवालयका रुपमा समेत रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकाअनुसार आर्थिक वर्ष २०८१ मा दुई सय ६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो। चालु आर्थिक वर्षको असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का नौ सय २६ घटना भएका छन्। ती घटनामा ३५ जनाको मृत्यु भएको छ भने एक हजार ४२८ परिवार प्रभावित भएका मन्त्रालयका उपसचिव पवित्राकुमारी पुरीले जानकारी दिए।

यी तथ्याङ्कलाई विगतका अभिलेख मात्र नभई आगामी दिनका लागि चेतावनीका रुपमा समेत लिनुपर्ने उहाँको भनाइ छ। “हरेक वर्षमा विपद्का घटनाको कुरा गर्दा सङ्ख्यात्मक हिसाबले कहिले कम वा बढी घटना होलान्, तर जलवायु परिवर्तनलगायत कारणले मौसमी चक्र र प्रवृत्तिमा आएको बदलावले जोखिम पनि फरक फरक ढङ्गले बढिरहेको छ”, पुरीले भने, “त्यस आधारमा हामीले पनि तयारीको रणनीति बदल्नुपर्ने आवश्यकता छ। प्रदेश विपद् व्यवस्थापन परिषद्मा यो विषयमा गम्भीर छलफल हुने गरेको छ र सोहीअनुसार काम गरिरहेका छौं।”

जल तथा मौसम विज्ञान कार्यालयका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणले देशभर ५१ हजार ८६८ घरका दुई लाख २६ हजार ६६१ जना प्रभावित हुने भनिएको छ। तीमध्ये सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको उक्त कार्यालयका प्रमुख इन्जिनियर साहले बताए। जिल्लागत हिसाबमा कञ्चनपुरका सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने उनले जानकारी दिए। तथ्याङ्कअनुसार कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने अनुमान रहेको छ।

**प्रदेशमा तयारी**

प्रदेशमा सङ्घीय तहमा रहेका ऐन कानुन, मापदण्ड र कार्ययोजनासँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना-२०७७ (पाँचौं संशोधन-२०८३) र बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना (२०२५-२०३०) कार्यान्वयनमा छ। ती कार्ययोजनाको व्यवस्थाअनुसार मनसुन प्रतिकार्य कमाण्ड पोस्टलाई सक्रिय बनाउने, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सैं घण्टा सञ्चालन गर्ने तथा सुरक्षा निकाय, स्वास्थ्य संस्था र सम्बन्धित निकायलाई तयारी अवस्थामा राख्ने व्यवस्था गरिएको आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले जानकारी दिए। त्यसैगरी सम्बन्धित निकायलाई विपद्को समयमा तत्काल निर्णय, समन्वय र स्रोत परिचालन गर्ने अधिकारसमेत दिइएको उनले बताए।

कार्ययोजनाले प्रदेश सरकारका प्रमुख सचिवको नेतृत्वमा कमाण्ड पोष्टको व्यवस्था गरेको छ। प्रदेशमा हुनसक्ने मनसुनजन्य विपद्को प्रतिकार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि गठन गरिएको उक्त समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रदेश प्रमुख, सबै मन्त्रालयका सचिव, कैलालीका प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ।

प्रदेश सरकारले स्थानीय तहलाई पनि स्पष्ट जिम्मेवारी तोकेको छ। प्रत्येक पालिकाले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने, ढल र नाला सफा गर्ने, खोला-नदीका निकास खुला राख्ने, खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने, स्वयंसेवक परिचालन गर्ने तथा समुदायमा विपद् सचेतना अभियान सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्रमुख सचिव वैकुण्ठप्रसाद अर्यालले सुदूरपश्चिमको भौगोलिक भूबनोटका कारण माथिल्लो पहाडी तथा हिमाली क्षेत्रमा भूक्ष्य, कटान र तल्लो क्षेत्रमा नदी कटान, डुबान, बाढीलगायतको समस्या रहेको बताए। सम्बद्ध निकायले सोहीअनुसार आवश्यक तयारी, सतर्कता र विपद्को समयमा शीघ्र उद्धार, अत्यावश्यक सेवा र राहत उपलब्ध गराउन आवश्यक समन्वय गरिएको यसअघि प्रदेश विपद् व्यवस्थापन समितिको बैठकमा जानकारी गराएका थिए।

नेपाल प्रहरीका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक सानुराम भट्टराईले सीमित स्रोतसाधनका बाबजुत आफूहरूले समयबद्ध रुपमा काम गरिरहेको जानकारी दिए। “विपद् आकस्मिक रुपमा आउने हो। त्यसैले सोहीअनुसार तयार रहनुपर्छ। नेपाली प्रहरीका हकमा उपलब्ध स्रोतसाधन, तालिमप्राप्त जनशक्तिको तैनाथी र सम्बद्ध निकायसँगको समन्वयमा काम गर्ने विषयमा हामी सधैं सचेत छौं। सबैको सामूहिक पहलले जोखिम न्यूनीकरणलगायतका काम गर्न सकिने हाम्रो विश्वास छ”, उनले भने।

सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले विपद् व्यवस्थापनका लागि सुरक्षा बेस क्याम्प विस्तार, अस्थायी मौसम प्रतिकार्य टोली परिचालन, प्रदेशमा रहेका तालिमप्राप्त जनशक्ति र गोताखोरलाई तयारी अवस्थामा राखिएको बताए। उनी विपद् जोखिम न्यूनिकरण, उद्धारमा सहज हुने नयाँ उपकरणलगायत अत्यावश्यक सामग्री व्यवस्थापनका लागि प्रदेश सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए।

त्यस कार्यमा सहयोगका लागि सबै विषयगत क्षेत्रहरूलाई कार्य जिम्मेवारीका आधारमा पाँच मन्त्रालयहरूले कार्य सम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको छ । सामाजिक विकास, भौतिक पूर्वाधार, भूमि व्यवस्था, कृषि तथा सहकारी, आन्तरिक मामिला तथा कानुन र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई क्षेत्रगत जिम्मेवारी तोकिएका छन्।

**विपद् जोखिम न्यूनीकरणमा साझदारी**

प्रदेशमा विपद् व्यवस्थापन कार्यमा विकास साझेदारले पनि सहयोग गरिरहेका छन्। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, फिल्ड कार्यालय सुदूरपश्चिमका प्रमुख वैजयन्तीसिंह गिरी विपद् व्यवस्थापनको कार्ययोजना, आवश्यक रणनीति निर्माणका साथै पूर्वतयारी, आवश्यक प्राविधिक सामग्री सहयोग, राहत तथा उद्धारका काममा आफूहरू प्रदेश सरकारसँगै रहेको बताउँछन्। विगतदेखि नै यस क्षेत्रमा सहकार्य हुँदै आएको र आगामी दिनमा पनि आवश्यकताअनुसार सहकार्य गरिने उनको भनाइ छ।

नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष दिलबहादुर बुढाले विपद् जोखिम न्यूनीकरण, राहत तथा उद्धारका काममा आफूहरूले प्रदेश सरकारसँग मिलेर काम गरिरहेको बताउँछन्। रेडक्रसले गैरखाद्य सामग्री, दक्ष जनशक्तिलाई तयारी अवस्थामा राखेको र आवश्यकताअनुसार अन्य प्रदेश तथा केन्द्रको सहयोग लिई राहत तथा उद्धारको काम गरिने उनको भनाइ छ।

प्रदेशमा पूर्वसूचनालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। जल तथा मौसम विज्ञान विभागले तीन दिनसम्मको मौसम तथा बाढीको पूर्वानुमान नियमित अद्यावधिक गर्ने, साना नदी तथा खहरेमा सम्भावित बाढीको दुईदेखि छ घण्टाअघि नै चेतावनी दिने व्यवस्था मिलाएको छ।

जलवायु परिवर्तन र विपद् व्यवस्थापन क्षेत्रमा क्रियाशील धनगढीका डण्डीराज सुवेदी नागरिक ज्युज्यान र अन्य सम्पत्तिको सुरक्षाका लागि सबै सजग रहनुपर्ने धारणा राखे। उनी भन्छन, “विपद् व्यवस्थापनको सफलता राहत सामग्री वितरणको परिमाणले होइन, जोगिएका जीवनको स[illegible]्याले मापन हुन्छ। त्यसका लागि सरकारले योजना बनाउनु मात्र पर्याप्त हुँदैन।”

स्थानीय तहको सक्रियता, समुदायको सचेतना, समयमै सूचना प्रवाह र नागरिकको जिम्मेवार व्यवहार उत्तिकै आवश्यक हुने भएकाले त्यस आधारमा मौसमी विपद् रोक्न नसके पनि क्षति घटाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

का अनुसार दलको निर्देशनभन्दा विवेक र क्षमताका आधारमा निर्णय हुने भएकाले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा समेत सकारात्मक प्रभाव पर्नेछ । “पार्टीको मान्छे भएपछि अन्ततः पार्टीकै निर्णय स्वीकार्नुपर्ने हुन्छ, तर गैरदलीय नेतृत्वमा स्वतन्त्र सोच र बौद्धिकता झल्किन्छ,” उनले भने।

चन्दननाथ नगरपालिका-५ का रोशन श्रेष्ठ पनि अहिलेको दलीय अभ्यासप्रति असन्तुष्ट देखिन्छन्। उनका अनुसार विवेकशील र सक्षम व्यक्ति नेतृत्वमा आए पनि दलगत संरचनाले स्वतन्त्र रूपमा काम गर्न कठिन बनाएको छ। टिकटका लागि हुने प्रतिस्पर्धा, निर्वाचनको बढ्दो खर्च र राजनीतिक स्वार्थले विकासभन्दा सत्ता केन्द्रित राजनीति बलियो भएको उनको भनाई छ । गैरदलीय नेतृत्वले स्वार्थभन्दा सेवाको भावना बोकेर काम गर्ने विश्वास उनले व्यक्त गरे।

तर, राजनीतिक दलका प्रतिनिधिहरू भने स्थानीय तहलाई गैरदलीय बनाउने प्रस्तावलाई असान्दर्भिक ठान्छन् । नेकपा एमाले जुम्लाका सचिवालय सदस्य धिरज जैशी बहुदलीय लोकतान्त्रिक व्यवस्थामा गैरदलीय स्थानीय सरकारको अवधारणा व्यवहारिक नभएको बताउँछन् । उनका अनुसार व्यक्ति मात्र होइन, दलको नीति र विचार पनि जनमतबाट अनुमोदित हुने भएकाले विकास निर्माण, समन्वय र जनजीविकाका सवालमा दलको भूमिका अपरिहार्य छ । “दल पनि जनता प्रतिको उत्तरदायित्वबाट मुक्त हुँदैन, व्यक्ति पनि हुँदैन। त्यसैले अहिलेको परिस्थितिमा गैरदलीय व्यवस्थाभन्दा दलीय व्यवस्था नै बढी सान्दर्भिक हुन्छ,” उनले भने।

त्यस्तै, नेपाली कांग्रेस जुम्लाका पार्टी सचिव अर्जुनसिंह (गोल्डेन) कठायत स्थानीय तहलाई गैरदलीय बनाउने अवधारणा संविधानको मर्मविपरीत हुने तर्क गर्छन्। उनका अनुसार नेपालको राजनीतिक परिवर्तन राजनीतिक दलहरूको लामो संघर्ष, त्याग र जनसमर्थनबाट सम्भव भएको हो। व्यक्ति स्वतन्त्र देखिए पनि व्यवहारमा कुनै न कुनै विचार वा समूहसँग जोडिएकै हुने भएकाले गैरदलीय व्यवस्थाले समस्या समाधान नगर्ने उनको भनाइ छ। “स्थानीय तहलाई गैरदलीय बनाउने कुरा संविधानविरोधी र देशलाई दुर्घटनातर्फ धकेल्ने विषय हो,” उनले भने।

स्थानीय सरकारको स्वरूपबारे उठेको यो बहसले जुम्लामा दुई फरक दृष्टिकोण स्पष्ट पारेको छ । एकातिर दलीय हस्तक्षेपबाट मुक्त, जनउत्तरदायी र पारदर्शी नेतृत्वको माग छ भने अर्कोतिर बहुदलीय लोकतन्त्र, संविधान र राजनीतिक उत्तरदायित्वलाई बलियो बनाउँदै दलीय व्यवस्थालाई निरन्तरता दिनुपर्ने मत छ । स्थानीय सरकारको प्रभावकारिता व्यक्तिको क्षमता, राजनीतिक संस्कार र सुशासनसँग जोडिने कि संरचनागत परिवर्तनसँग भन्ने प्रश्न भने अझै बहसकै विषय बनेको छ।

# भौतिक विकासको पर्खाइमा पलगडी गाउँ



**◣युग संवाददाता**
**कञ्चनपुर, ३० असार ।**

डडेलधुरा जिल्लाको पर्शुराम नगरपालिका-११ स्थित पलगडी गाउँ आज पनि विकासको मूल प्रवाहबाट टाढा छ। कञ्चनपुरसँग सीमा जोडिएको चुरे क्षेत्रको विकट पहाडी भागमा रहेको यो गाउँमा सडक, विद्युत्, स्वास्थ्य सेवा, खानेपानी र गुणस्तरीय शिक्षाजस्ता आधारभूत सुविधा अझै पुग्न सकेका छैनन्।

नेपालको संविधानले सुनिश्चित गरेका आधारभूत सेवासमेत सहज रूपमा नपाउँदा यहाँका बासिन्दा वर्षौंदेखि कठिन जीवन बिताउन बाध्य छन्। करिब ५० परिवार बसोबास गर्ने पलगडी गाउँमा अझै मोटर बाटो पुगेको छैन।

गाउँ पुग्ने एकमात्र माध्यम पैदल यात्रा हो। स्थानीयका अनुसार झलारी बजारबाट गाउँ पुग्न करिब छ घण्टा उकालो-ओरालो, खोला र जङ्गल पार गर्नुपर्छ। वर्षायाममा यो बाटो अझ जोखिमपूर्ण बन्छ। पहिरो, हिलो र चिप्लोका कारण यात्रा निकै कठिन हुन्छ। बाढीले पनि स्थानीयको दैनिक जीवन थप कष्टकर बनाउने गरेको छ। यो उनीहरूको नियमित दैनिकी जस्तै बनेको छ।

गाउँमा कोही बिरामी परेका अवस्थामा झन् कठिन हुन्छ। एम्बुलेन्स त परको कुरा, स्ट्रेचरसमेत पुग्न सक्दैन। त्यसैले बिरामीलाई डोको वा पिठ्युँमा बोकेर करिब छ घण्टा पैदल हिँडेर कञ्चनपुरको झलारी वा अन्य स्वास्थ्य संस्थासम्म लैजानुपर्छ। स्थानीय हरिश कुँवर भन्छन “गाउँसम्म सडक छैन। बिरामीलाई पिठ्युँमा बोकेर हिँडाउनुपर्छ। बाटोमै ज्यान जाने डर हुन्छ। अर्को विकल्प पनि छैन।” शिक्षाको अवस्था पनि उस्तै चुनौतीपूर्ण छ। गाउँमा कक्षा ५ सम्म मात्रै पढाइ हुने विद्यालय छ। माध्यमिक शिक्षा पढ्न बालबालिकाले दैनिक चार घण्टासम्म पैदल हिँडेर आलितालको दोबाटा पुग्नुपर्छ। लामो यात्रा, वर्षायामको जोखिम र आर्थिक अभावका कारण धेरै विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेका छन्।

गाउँमा आधारभूत स्वास्थ्य चौकी पनि छैन। सामान्य बिरामी हुँदा झारफुक वा घरेलु उपचारमै भरपर्नुपर्ने अवस्था छ। दैनिक उपभोगका सामग्री किन्न पनि पलगडीका बासिन्दा कञ्चनपुरको झलारी बजार जानुपर्छ। खाद्यान्न, लत्ताकपडा, औषधि र अन्य आवश्यक सामग्री पिठ्युँमा बोकेर गाउँ ल्याउनुपर्ने बाध्यता रहेको स्थानीय मोहनबहादुर ऐर बताउँछन्।

उनी भन्छन, “किनमेल गर्न झलारी पुग्नुपर्छ। सामान किनेर फेरि पिठ्युँमा बोकेर गाउँ ल्याउनुपर्छ। वर्षायाममा धारापानी खोलामा बाढी आउँछ। जोखिम छ भन्ने थाहा हुँदाहुँदै पनि घर पुग्न खोला तर्नैपर्छ।” उनका अनुसार धारापानी खोलामा पुल नहुँदा हरेक वर्ष स्थानीयले जोखिम मोल्नुपरेको छ। एउटै खोला तीन-चार ठाउँबाट तर्नुपर्ने अवस्था छ। तीन वर्षअघि गाउँकै एक जना स्थानीय खोला तर्ने क्रममा बगेर ज्यान गुमाएका थिए। त्यो घटना अझै गाउँलेको सम्झनामा ताजै छ। ऐर भन्छन, “सडक र पुल बने हाम्रो जीवन धेरै सहज हुन्थ्यो। तर कहिले बन्ला भन्ने आशामै बसेका छौं।”

स्थानीय गीता कुँवरका अनुसार वर्षायाम सुरु भएपछि गाउँ बाहिर निस्कन पनि डर लाग्छ। उनी भन्छन, “बाटोमा हिँड्दा कुनबेला पहिरो झर्छ, कुनबेला खोला बढ्छ भन्ने थाहा हुँदैन। सडक छैन, सुरक्षित बाटो छैन। हरेक यात्रा जोखिमपूर्ण हुन्छ।” कठिन भौगोलिक अवस्थाका बीच यहाँका अधिकांश परिवार बाख्रापालन र कृषिमा निर्भर छन्। केही युवा रोजगारीका लागि भारत तथा अन्य ठाउँमा मजदुरी गर्न जाने गरेका छन्। गाउँमा उत्पादन भएका खसीबोका बिक्री गरेर घरखर्च चलाउने परिवार पनि धेरै छन्। सडक नहुँदा स्थानीय उत्पादन बजारसम्म पुऱ्याउनसमेत समस्या हुने गरेको छ।

स्थानीय रतनबहादुर साउदका अनुसार गाउँमा बिजुली पुगेको छैन। त्यसैले सौर्य ऊर्जामा भर पर्नुपरेको छ। सञ्चार सेवा पनि कमजोर छ। मोबाइलको नेटवर्क कहिलेकाहीँ मात्र लाग्ने भएकाले आपतकालीन अवस्थामा सूचना आदानप्रदान गर्न कठिन हुन्छ। स्थानीयले पिठ्युँमा बोकेर विद्युत्का खम्बा गाउँसम्म पुऱ्याएका छन्। तर खम्बा गाड्ने र तार तान्ने काम अझै भएको छैन।

वर्षौंदेखि स्थानीयले सडक, पुल, स्वास्थ्य चौकी, माध्यमिक विद्यालय र विद्युत् विस्तारको माग गर्दै आएका छन्। तर त्यसमा खासै प्रगति हुन सकेको छैन। साउद भन्छन, “पलगडीको विकासका लागि सबैभन्दा पहिले सडक चाहिन्छ। सडक पुगेपछि स्वास्थ्य सेवा, शिक्षा, विद्युत्, कृषि र बजारसँगको पहुँच आफैं विस्तार हुन्छ।” विकासको उज्यालोबाट टाढा रहेको पलगडी गाउँ आज पनि सडक, पुल, स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षाको पर्खाइमा छ।

## कुमारी...

स्टडी टेबल सहयोग गरेको हो।

वि.सं. २०५७ चैत २१ गते स्थापना भएको कुमारी बैंक लिमिटेड देशकै अग्रणी, नवप्रवर्तनशील तथा ग्राहक-केन्द्रित बैंकका रूपमा स्थापित भइसकेको छ। देशभर फैलिएको सेवा सञ्जाल, आधुनिक डिजिटल बैंकिङ प्रणाली तथा ग्राहकप्रति समर्पित सेवामार्फत बैंकले आफ्नो पहिचान अझ मजबुत बनाउँदै आएको छ।

कार्यक्रममा कुमारी बैंक लिमिटेड सुर्खेत शाखाका शाखा प्रबन्धक निरञ्जन ज्ञवाली तथा कर्णाली प्रदेश प्रमुख हिमाल प्रसाद मुडभरीप्रति विद्यालय प्रशासनले विशेष धन्यवाद ज्ञापन गरेको छ। साथै, विद्यालयका विद्यार्थीहरूको शैक्षिक विकासमा सहयोग पुऱ्याएकोमा बैंकप्रति कृतज्ञता व्यक्त गरिएको छ।

# विश्वविद्यालयमा १० प्रतिशत छात्रवृत्ति सुनिश्चित गर्न उपकुलपतिको संयुक्त पहल

**◣युग संवाददाता**
**काठमाडौं, ३० असार ।**

विभिन्न विश्वविद्यालय तथा त्यसअन्तर्गतका सम्पूर्ण आङ्गिक क्याम्पसहरूमा अब कम्तीमा १० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति सुनिश्चित हुने भएको छ। विभिन्न सात विश्वविद्यालयले सूचना प्रकाशन गरेर कम्तीमा १० प्रतिशत छात्रवृत्तिका लागि प्रक्रिया अगाडि बढाइएको जनाएका छन्।

त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षिजनक विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले छुट्टाछुट्टै सूचना प्रकाशित गरी आफ्ना आङ्गिक क्याम्पसहरूमा छात्रवृत्तिको सुनिश्चितताका लागि पत्राचार गरिएको उल्लेख गरिएको छ।

विश्वविद्यालयको परिपत्रअनुसार सम्बन्धित क्याम्पसहरूले शैक्षित्रसत्र २०८३/८४ का लागि विश्वविद्यालयबाट स्वीकृत कार्यक्रममा विद्यार्थी भर्ना लिँदा अनिवार्य रूपमा पालना गर्नुपर्ने नियमबारे अवगत गराइएको छ।

विश्वविद्यालयको नियमअनुसार कुल स्वीकृत सिट सङ्ख्याको १० प्रतिशत सिट जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन अनिवार्य रूपमा खाली राख्नुपर्ने व्यवस्था छ। उक्त १० प्रतिशत सिटमा विश्वविद्यालयको सम्बन्धनप्राप्त क्याम्पस/कलेजको छात्रवृत्तिसम्बन्धी कार्यविधिको व्यवस्थाअनुसार विद्यार्थी छनोट गरी भर्ना गरिने जनाइएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय र मातहतका क्याम्पसहरूमा कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थासँगै शिक्षामा पहुँच, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा यो अर्को महत्त्वपूर्ण कदम भएको बताउनुभएको छ।

विश्वविद्यालयबाट छात्रवृत्ति सुनिश्चित छात्रवृत्तिबारे मन्त्री पोखरेलले यसअघि काठमाडौं महानगरपालिकाको विद्यालय प्रणालीमा लागू गरिएको छात्रवृत्ति व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनको अनुभवका आधारमा विश्वविद्यालय तहमा पनि त्यसलाई संस्थागत गर्दै अघि बढेको उल्लेख गरे।

# चालु आवको ११ महिनामा भित्रियो २१ खर्ब २० अर्ब रेमिट्यान्स

**◣युग संवाददाता**
**काठमाडौं, ३० असार ।**

चालु आर्थिक वर्षको ११ महिनामा नेपालमा रु २१ खर्ब २० अर्ब ८० करोड बराबरको विप्रेषण भित्रिएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको ११ महिनाको तथ्याङ्कमा आधारित ‘देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार’ समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३८.२ प्रतिशतले वृद्धि भएर २१ खर्ब २० अर्ब ८० करोड पुगेको हो।

राष्ट्र बैंकका अनुसार चालु आवको जेठमा मात्रै रु दुई खर्ब तीन अर्ब ८९ करोड रकम



रेमिट्यान्सबापत भित्रिएको छ। जबकि गत आवको जेठमा भने विप्रेषण आप्रवाह रु एक खर्ब ७६ अर्ब ३२ करोड रहेको थियो।

केन्द्रीय बैंकमा समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.६ प्रतिशतले वृद्धि भई १४ अर्ब ५९ करोड अमेरिकी डलर पुगेको छ। अघिल्लो वर्षमा भने यस्तो आप्रवाह १२.८ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

# निजी मिडियालाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र सर्वोच्चले गर्‍यो खारेज

**युग संवाददाता**
**काठमाण्डौं, ३० असार ।**

निजी मिडियालाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र सर्वोच्च अदालतले खारेज गरेको छ। न नदिने सरकारको परिपत्र सर्वोच्च अदालतले खारेज गरेको छ।

सरकारको यो निर्णय खारेज गर्न माग गरिएको रिटमा मंगलबार न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले निर्णय सुनाएको हो। मागअनुसार इजलासले उत्प्रेषणको आदेश जारी गरेको छ।

अर्थात सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको नीतिमा रोक लागेको हो।

चैत १८ गते सरकारी विज्ञापन तथा सूचनाहरू संचार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो।

उक्त परिपत्र सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पठाएको थियो।

उक्त निर्णयविरूद्ध नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले रिट चैत २३ गते दायर गरेका थिए। सोसाइटी राष्ट्रिय दैनिक लगायतका प्रमुख सञ्चार माध्यमका प्रकाशकहरूको संस्था हो।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको हो।

रिटमा सरकारको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नू/नगराउनू भनी प्रतिषेधको परमादेश माग गरेको थियो।


# हेटौँडा कपडा उद्योगमा परीक्षण उत्पादनको तयारी

**युग संवाददाता**
**काठमाडौँ, ३० असार ।**

लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्ने सरकारी तयारीले गति लिएको छ। सरकारले उद्योगलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने लक्ष्यसहित प्रारम्भिक चरणमा परीक्षण उत्पादन सुरु गर्ने तयारी अघि बढाएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा गठित अध्ययन कार्यदलले उद्योग पुनः सञ्चालनसम्बन्धी प्रतिवेदन सोमबार मन्त्री गौरीकुमारी यादवलाई हस्तान्तरण गरेको छ। मन्त्रालयको प्रशासन तथा संस्थान महाशाखाका प्रमुख रामबन्धु सुवेदीको संयोजकत्वमा गठित कार्यदलले उद्योग पुनः सञ्चालनका लागि चालिएका कदम, हालसम्मको प्रगति र आगामी कार्ययोजनासहितको प्रतिवेदन बुझाएको हो। मन्त्रालयका अनुसार उद्योगको परीक्षण सञ्चालनका लागि आवश्यक तयारी यसअघि नै सुरु भइसकेको छ। अर्थ मन्त्रालयबाट विनियोजित बजेटका आधारमा नेपाली सेनाले उद्योगमा रहेका मेसिनहरूको मर्मत तथा परीक्षण उत्पादनको तयारी अघि बढाइसकेको मन्त्रालयले जनाएको छ।

## घुँयत्रो



ऐले देशाँ ट्राफिक पुलिस साह्रै बदनाम भा छ। कार्नालितिर त झन पुलिसको दवदवा यति धेरै रैछ कि जुनकुरा कर्नालिका सत्ताधारी सांसदलेनै सदनमा चर्को आवाजमा सदनलाई सुनाएका छन। गाडिवालाले कुनैनियमनै उलंघन नगरेनि त्यसलाई रोकेर गाडिलाई ओल्टाई पल्टाई नियालेर कुनै न कुनै खोट देखाएर जरिवाना असुल गर्ने प्रवृतिको चर्को परिणामले ऐले मानिसहरु ट्राफिकपुलिस विरुद्ध सडकमा मात्रै हैनसदनमा समेत आवाज उठन थालेका छन। हाई वे देखि शहर बजारका ठाउँ ठाउँमा गाडि रोकेर जरिवाना गर्न पुलिसलाई उक्साउने मुख्य आधार चाइँ असुल गरिएको जरिबानाबाट २५ प्रतिसत रकम जरिवाना अशुल गर्नेलाई दिने नियम बनाएका कारण नै पुलिसहरु यसरी मरिहत्ते गरेर जरिवाना अशुल्नतिर लागेका हुन। जब यो कमिसननै बिकृति बनेको हो भने सरकारले यो नियमको विकल्प खोज्नु पर्ने हो तर खोजिएको छैन। जनताका सुरक्षाका लागि स्थापना भएका सरकारी निकायका ब्यक्तिहरुबाटनै जनतालाई सास्ती दिने हो र सरकार टोलाएर बस्ने हो भने जनताले कोसित गएर आँफु सुरक्षित भएको वा हुने अनुभूति गर्ने हो। ट्राफिक पुलिस होस वा नेपाल पुलिस या सशस्त्र , उनिहरुको युनिफर्म देख्ने बित्तिकै जनता लगलगि काम्दै हिँडने अबस्था आउने हो भने त्यस्ता सरकारी निकाय राख्नुको के औचित्य हने। एकातिर जनताको सुरक्षा गर्ने निकाय पनि भन्दै जाने अर्कोतिर तिनैलाई जनताका विरुद्ध प्रयोग गरेर सरकार नै अशान्ति फैलाउनतिर लाग्ने हो भने त्यो सरकार जनताको सरकार कसरी हुन सक्छ र? ऐले ट्राफिक पुलिसले जसरि करोडौँको संख्यामा जरिवाना अशुल गरेकोछ। त्यसलाई हेर्दा ट्राफिक पुलिसको स्थापना जरिवाना अशुल गर्नका लागि मात्रै भएको जस्तो देखिन्छ। उनिहरुको रात दिनको सोच गाडि कम दुर्घटना हुन मानिसले सहज यात्रा गर्न सकून ,सहज यात्राका लागि आँफुहरुले बढिभन्दा बढि सहयोग गर्नपाईयोस , यात्रुहरु सजिलै गन्तब्यमा पुगून भन्दा पनि सडकमा गुडने हरेक गाडिको जरिबाना काटेर आज यति रुपैयाँ कमाउन पाए हुन्थ्यो भन्ने मात्रै सोचले गर्दा पुलिसहरु यात्रु र जनताको नजरमा यति गिरेका छन कि कुनै पनि यात्रुले पुलिसप्रति सकारात्मक धारणा बनाउँदैनन। अब देशाँ पुराना दलको सरकार छैन। नयाँ जोश जाँगर र परिवर्तनको सम्बाहक दलको सरकार आएकोछ। देशले युवा प्रधानमन्त्री पाएकोछ र यात्रुहरुलेनि यात्राको क्रममा बिनारोकथोक गन्तब्यमा पुग्ने चाहना राखेका हुन्छन त्यै कुरालाई मध्ये नजर गर्दै सरकारले पनि यो ट्राफिक पुलिसको गल्छि र गौँडा कुरेर जरिबाना काटने खेल तथा नेपाल पुलिसले सडकका ठाउँ ठाउँमा गरालो तेर्स्याएर १७ ठाउँमा चेक गरेर यात्रुलाई दुखदिने कामको अन्त्य गर्नेतिर सोच बनाउनु पर्दछ। माओवादिको युध्दकाल र संकटकालका ब्यवहारहरु दोहर्याएर सडकमा गरालो र ड्रम तेर्स्याएर यात्रुहरु गाडिमा यात्रा गर्दा अपराधिहरु आएझैँ गरि केर कार र नामनामेसि दर्ता गरि राख्नु के अब पनि उचित हुन्छ र ? कि देश अँझै पनि शंकटकालबाट बाहिर निस्केको छैन र ? हैन भने यो साँच्चिकै जनताको सरकार हो भने यस्ता विकृतिको समाधान खोज्नु पर्छ। हैन भने त हिजोको सरकार र आजको सरकारमा के फरक भयो त ?! अनि हामिले हिजोको सरकारले भन्दा राम्रो गर्छम् भनेर दुईतिहाई ल्याएको अर्थ के त !? के सरकारले यतातिर सोच्न भ्याउला।?

# नेपालगन्जमा आयुर्वेदिक उपचार विस्तार
# शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पञ्चकर्म सेवा सुरु

**सरला सुवेदी**
**बाँके, ३० असार ।**



नेपालगन्ज उपमहानगरपालिकाले आयुर्वेदिक उपचार सेवालाई थप प्रभावकारी र नागरिकमैत्री बनाउने उद्देश्यले नेपालगन्ज-४ गणेशपुर स्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पूर्वकर्म तथा पञ्चकर्म सेवा औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ।

एक कार्यक्रमका बीच नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले सेवाको शुभारम्भ गर्दै आयुर्वेद उपचार पद्धति नागरिकको स्वास्थ्य संरक्षण र रोगको रोकथामका लागि प्रभावकारी माध्यम भएको बताए। उनले आधुनिक जीवनशैलीका कारण बढ्दै गएका नसर्ने रोग तथा मानसिक तनाव न्यूनीकरणमा आयुर्वेद र पञ्चकर्म उपचारले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

नगर प्रमुख विष्टले आधारभूत स्वास्थ्य सेवासँगै आयुर्वेदिक उपचारलाई पनि उपमहानगरपालिकाले प्राथमिकतामा राखेको उल्लेख गर्दै नागरिकले सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा पाउने वातावरण सिर्जना गर्न यस्ता सेवाको विस्तारलाई निरन्तरता दिइने बताए।

उनले शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत सञ्चालन गरिएको पञ्चकर्म सेवाबाट स्थानीय नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा व्यक्त गरे।

शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका प्रमुख डा. शंकर केसीको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडा नं. ४ का अध्यक्ष गोपाल पुन, कार्यपालिका सदस्य वसन्त कुमार कनोजिया र मो. मुजम्मिल हुसेन, जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख जागेश्वर बस्नेत, आयुर्वेद शाखा प्रमुख डा. सुरेश पुन, भवानीयापुर आयुर्वेद औषधालयका प्रमुख डा. मनोज कुमार यादव, परसपुर आयुर्वेद औषधालयकी प्रमुख लिला बिष्ट तथा पतञ्जली योग समितिका पदाधिकारीलगायतको सहभागिता रहेको थियो।


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।


इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



RARA
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।